# इलाम जिल्लाको नामसालिङमा ब्यवसायिक अकबरे खुर्सानी खेती तालिम सम्पन्न



माईपोखरी न्यूज । काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफना ३० जना ग्राहक सदस्यहरुको सहभागितामा २०७५ मंसिर २४ गतेदेखि २६ गतेसम्म इलाम जिल्लाको नामसालिङ मा "ब्यवसायिक अकबरे खुर्सानी खेती तालिम" सम्पन्न गरेको संस्थाका इलाम शाखा कार्यालयका शाखा प्रमुख श्री शिबराज काफ्ले ले जानकारी गराउनु भएको थियो । यस तालिममा प्रशिक्षक श्री दानियल रेग्मी रहेका थिए ।

एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिई रहेको यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नततिर अगाडि बढेको समेत संस्थाका क्षेत्रीय प्रमुख श्री लक्ष्मीपति काफ्ले ले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्य बारेमा संस्थाका इलाम शाखा कार्यालयका प्रमुख शिबराज काफ्ले ले प्रकाश पारेका थिए ।

तालिममा ब्यबसायीक अकबरे खुर्सानी सम्बन्धी अकबरे खुर्सानी परिचय , माटो जांच, यसमा लाग्ने रोग तथा किराहरु र तिनको ब्यबस्थापन जैबिक बिषादी र जैबिक मल बनाउने तरिका सम्बन्धि विषयहरु तथा बचतको महत्व तथा संस्थाको पब्लिक डिपोजिटको बारेमा, संस्थाका सेवाहरुको आदि बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गर्ने शाखाका शाखा प्रमुख श्र शिबराज काफ्ले ले बताएका थिए ।

यो निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशका देशको ७७ वटै जिल्लाहरुको शाखा संञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्थाहो । संस्थाले १८१ वटाशाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी संस्थाले लघुवित्त सेवा पुर्याई रहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विनाधितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, सचेतनामूलक कार्यक्रमहरु संचालनगर्दै आर्थिक, सामाजिक, बौद्धिक

विकास गर्दै आई रहेको छ । यस संस्थाले देशको कुनाकुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम प्रदान गर्दै आई रहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आई रहेको छ ।